मण्डलीमा अन्तर्विन्ती



पाष्टरीय तालीम पुस्तिका

४७

तालीम र वृद्धि

T&M ®

तपाईंको मण्डलीमा अझ प्रभावशाली अन्तर्विन्तीको सेवकाइ गर्न प्रभुको सहायताको लागि प्रार्थना गर्नोस् ।

प्रार्थनामा निरन्तर लागिरहने

तब येशूले आफ्ना चेलाहरुलाई उनीहरुले सधैं प्रार्थना गरिरहुन् अनि बीचैमा छोड्ने काम नगरुन् भनी एक दृष्टान्त भन्नुभयो ।

"कुनै एउटा शहरमा परमेश्वरको भय नमान्ने र मानिसको वास्ता नगर्ने एउटा न्यायाधीश थिए । त्यसै शहरमा एउटी विधवा थिइन् । त्यो तिनीकहाँ आइरहन्थी, र भन्थी, 'मेरो वादीको अगि मेरो न्याय गरिदिनुहोस् ।' तिनले केही समयसम्म त मानेनन्, तर पछिबाट तिनले आफ्नो मनमा भने, 'म परमेश्वरको डर मान्दिनँ । मानिसको वास्ता पनि गर्दिनँ । तर यस विधवाले मलाई हैरान पारेकी हुनाले म त्यसको न्याय गरिदिनेछु, नत्रता त्यो एकोहोरो आएर मलाई वाक्क बनाउनेछे' ।"

अनि प्रभुले भन्नुभयो, *“सुन, ती अधर्मी न्यायाधीशले के भन्दछन् । के परमेश्वरले उहाँलाई रातदिन पुकार्ने आफ्ना चुनिएकाहरुको न्याय गरिदिनुहुन्न र ? के उहाँले तिनीहरुका निम्ति बियाँलो गर्नुहुन्छ र ? म तिमीहरुलाई भन्दछु, उहाँले चाँडै नै तिनीहरुको न्याय गरिदिनुहुनेछ ।”*

(लूका १८:२-८)

विधवाले जस्तै, हामी पनि प्रार्थनामा लागिरहेका परमेश्वर चाहनु हुन्छ ।

सर्वशक्तिमानले केही पनि गर्नसक्नुहुन्छ । उहाँले हाम्रो पक्षमा उहाँको ठूलो शक्ति प्रयोग गर्न चाहनु हुन्छ । हामीले त्यसो गरिदिनु होस् भनी पुकारा गरेको उहाँ चाहनु हुन्छ । उहाँ हामीमा भएको बालकको जस्तो विश्वासमा खुशी हुनुहुन्छ ।

प्रभु येशू ख्रीष्टले भन्नुभयो, *“यसकारण म तिमीहरुलाई भन्दछु, तिमीहरुले प्रार्थनामा जेसुकै माग्छौ सो पाएका छौ भन्ने विश्वास राख, र त्यो तिमीहरुको हुनेछ ।”*

(मर्कूस ११:२४)

हामी शक्ति र लगनसाथ प्रार्थना गरौं । हामीले परमेश्वरबाट ठूला उत्तरहरु पाउनेछौं अनि कामहरु भएको देख्नेछौं ।

येशूले भन्नुभए अनुसार, हाम्रो असीमित अनि सर्वशक्तिशाली परमेश्वरले कसरी काम गर्नुहुन्छ:

- ☐ हाम्रो विश्वास अनुसार ।
- ☐ उहाँले हामीलाई कति दिनुहुनेछ भनी हामी कति अन्दाज लाउनसक्छौं त्यही अनुसार ।

जब हामीले नम्रता, प्रेम अनि विश्वासमा निवेदन गर्दछौं, पर मेश्वरले प्रत्युत्तर दिनुहुन्छ । उहाँको असीमित ज्ञानमा, उहाँको इच्छा जानीकन हामीले उहाँलाई प्रार्थनामा नमागुञ्जेल, उहाँले ती महान काम गर्नुहुने छैन । यसैकारण एक आज्ञाकारी अनि बढ्दो मण्डलीले सधैं प्रार्थना गर्दछ । यो उसको आनन्द र ठूलो अधिकार हो ।

हामीले प्रभुको देहमा भएर परिवारसित, व्यक्तिगत रुपमा अथवा विशेष प्रार्थना सभाहरुमा प्रार्थना गर्नसक्छौं ।

विश्वासीहरुले विश्वासयोग्यता अनि शक्तिमा, व्यक्तिगत रुपमा साथै मण्डलीको रुपमा प्रार्थना गर्नको लागि मानिसहरुलाई प्रोत्साहित गर्नु नै हाम्रो साधारण लक्ष्य हो । (मत्ती १८:१९-२०)

उहाँकै सिद्ध तरिकामा हामीले हाम्रो प्रार्थनाको उत्तर पाउनेछौं भनी हामी भरोसा गर्दछौं । कति पटक ता हामीले सोचेको भन्दा यो फरक पर्नसक्छ ।

हरेक अवस्था अनि व्यक्तिको निम्ति के सर्वोत्तम छ भनी उहाँलाई थाहा छ ।

प्रार्थनाको निम्ति मुख्य बुँदाहरु

स्तुति प्रशंसा

- परमेश्वरको प्रशंसा गर्न अनि उहाँलाई धन्यवाद दिन हामी प्रार्थना गर्दछौं ।

अन्तर्विन्ती

- हामी ती व्यक्तिहरुको निम्ति प्रार्थना गर्दछौं जसलाई खीष्टको खाँचो छ अथवा अरु आवश्यकता परेको छ ।

मण्डली

- पश्चाताप अनि आत्मिकी भोक (२ इतिहास ७:१३-१४),

- शक्तिमा पवित्र आत्मा आउनु (प्रेरित ४:२३-३१),

- एकता (यूहन्ना १७:२०-२१, प्रेरित १:१४, २:१),

- पाष्टर अनि अगुवाहरु (एफिसी ६:१९-२०),

- यसको सेवकाइ, अनि आत्मिकी जीवन (गलाती ६:२, एफिसी १:१७-१९),

- सेवाहरु (१ कोरन्थी १४:२६) ।

विश्वव्यापी सुसमाचारः

- अविश्वासीहरुको मुक्तिको लागि (१ तिमोथी २:१-४),

- इसाई सेवकहरुको लागि (मत्ती ९:३८),

- सेवाको निम्ति खुला ढोकाहरुको अवसर (कलस्सी ४:२-३),

- फल (२ थिस्स. ३:१),

- अवहेलित मानिसहरुको निम्ति प्रचारकहरु पठाउनु (रोमी १०:१४,१५)

- खाँचोमा परेका झुण्डहरु अनि राष्ट्रहरु (रोमी १५:२१)।

सबै राष्ट्रहरुको अधिकार (१ तिमोथी २:१-४):

- तिनीहरुको परिवर्तनको निम्ति,

- सुसमाचार प्रचारको अवसरको निम्ति,

- न्याय दिलाएर, बाइबलीय व्यवस्था अनुसारको शान्तिको लागि ।

हाम्रा परिवारहरु (एफिसी ५:२१ देखि ६:४):

- प्रेम,

- एकता,

- सहिष्णुता ।

खाँचोमा परेकाहरु (गलाती १:१९, याकूब ५:१३-१६):

- विरामी,
- कमजोर तथा अपाङ्ग,
- कैदीहरु,
- भोकाहरु,
- बेकारीहरु ।

प्रार्थनाले कार्यतर्फ अगुवाइ गर्दछ । उदाहरणको लागि, हामीले भोकाहरुको निम्ति प्रार्थना गर्दछौं, अनि उनीहरुलाई खुवाउने काम पनि गर्दछौं । कहिले-काहीँ, परमेश्वरले हाम्रो प्रार्थनाको उत्तर दिनको लागि हामीलाई नै प्रयोग गर्नुहुन्छ ।

प्रार्थनाका अवसरहरु सदुपयोग गरौं

मानिसहरुलाई प्रार्थना गर्नको निम्ति केही नमूनाहरु छन्, जो कतिपय मण्डलीहरुले प्रयोग गर्दछन् । जुन रुपमा परमेश्वरले सम्भव तुल्याउनु हुन्छ त्यसरी नै प्रोत्साहित गर्नुहोस्:

- ☐ काममा जानुभन्दा अघि, सबेरै जहाँ सम्भव हुन्छ त्यहीँ मिलेर प्रार्थना गर्नु ।

- ☐ घरहरुमा अथवा जहाँ पायक पर्छ त्यहीँ साप्ताहिक रुपमा निरन्तर प्रार्थना गर्नु ।

- ☐ मण्डलीको आराधना अघि, अगुवाइ गर्नेहरुको निम्ति अथवा सेवामा सहयोग गर्नेहरुको लागि प्रार्थना गर्ने ।

- ☐ साधारण सेवाहरुको समयमा, प्रार्थनाको लागि एक विशेष समय छुट्याउनु होस् ।

☐ एक दिन भरि अथवा २४ घण्टे (ठूलो मण्डलीमा साताभरि) विशेष “साङ्ले प्रार्थना” आयोजना गर्नु, अनि विश्वासीहरुलाई उनीहरुको सहमतिमा समयहरु छुट्याइदिनु, ताकि सबै समय एकपछि अर्कोले गर्दै प्रार्थना भइरहन सकोस् ।

☐ सारा रात, अथवा कुनै भाग, प्रार्थनामा बिताउनु ।

☐ सारा दिनको उपवास र प्रार्थना ।

☐ उनीहरुको मुक्ति तथा चङ्गाइको लागि अविश्वासीहरुको नाउँ सेवामा लाने । हामीले मानिसहरु स्वयंलाई पनि तिनीहरुको निम्ति प्रार्थना गर्नको निम्ति लैजान सक्छौं ।

तपाईंको थप सुझावहरु:

प्रार्थनमा सहभागी हुनको लागि प्रोत्साहित गर्नु

तपाईंले प्रयोग गर्न चाहनु भएका थोकहरु विचार गर्नोस्:

☐ हामीलाई विश्वासमा प्रार्थना गर्नको निम्ति उत्साहित पार्ने बाइबल पद पढेर संक्षिप्तमा व्याख्या गरिदिने । यदि तपाईंले तल दिइएका पदहरुमध्ये कुनै प्रयोग गर्नुभयो भने, ती पदहरुले प्रार्थनाको बारेमा के भन्छन् तिनैका मुन्तिर लेख्नोस्:

मत्ती १८:१८-२०

_____

मर्कूस ११:२२-२६

_____

लूका ११:१-१३

_____

लूका १८:१-८

प्रेरित २:१ सित प्रेरित १:१४

प्रेरित ४:२३-३१

---

१ तिमोथी २:१-४

☐ प्रार्थना गर्न अघि, किन हामीले प्रार्थना गर्नुपर्छ अनि पर मेश्वरले प्रत्युत्तर दिनुहुन्छ भनी किन हामी विश्वास गर्दछौं (बाइबलका प्रतिज्ञाहरु, इत्यादि) कुनै स्वयंसेवकलाई भन्न लाउनोस् ।

☐ अझ बढी परिपक्व विश्वासीहरुको निम्ति, पवित्र आत्माले अगुवाइ गर्नु भएसम्म, लगातारको प्रार्थना गर्न लाउनोस् । उदाहरणको लागि, सुलेमानले २ इतिहास ६:१४-४२ सम्म निकै लामो प्रार्थना गरेको देखिन्छ । जब उसले अन्त गऱ्यो केही अलौकिक कुरो हुनगयो । कुनै विशेष विषयको बारेमा प्रार्थना गर्ने बोझ पाउनको निम्ति कुनै व्यक्तिमाथि पवित्र आत्मालाई हामीले आउन दिनुपर्छ ।

☐ कसैसित मिलेर प्रार्थना गर्नको निम्ति हामीले नयाँ विश्वासीहरुलाई सजिलो पारिदिनु पर्छ । उत्साहित पार्ने एउटा तरिका चाहिँ कुनै विशेष खाँचोको निम्ति एउटा वाक्य जति मात्र प्रार्थना गर्न लाउने । एक पछि अर्को गर्दै धेरैले यसै गर्न सक्छन् । तर शरम मान्ने व्यक्तिहरुलाई उनीहरु तयारी नभईकन जोडले प्रार्थना गर्न लाएर अप्ठ्यारोमा पार्नु हुन्न ।

☐ कसैले व्यक्तिगत संघर्षमाथि विजय हासिल गर्नुछ भन्ने कुरो जब तपाईंलाई थाहा हुन्छ, ऊ स्वयंलाई प्रभुमा समर्पित हुनको निम्ति समय दिनुहोस् । यसो गर्नुको अर्थ, चुपो लागेर आफ्नो पाप स्वीकार गर्नु अनि हाम्रो

व्यक्तिगत जीवनको लागि शक्ति र अगुवाइ माग्नु पर्ने पनि हुनसक्छ ।

☐ प्रार्थना गर्नको लागि सूची तयार पार्नुहोस्: वर्तमान खाँचोहरु, प्रशंसा, अन्तर्विन्ती, धन्यवाद, आदि । पर मेश्वरको आत्माले तपाईंको मनमा ल्याइदिनुहुने कुनै पनि कुरोको निम्ति प्रार्थना गर्नको लागि आफ्ना मानिसहरुलाई भन्नुहोस् ।

☐ यदि झुण्ड ठूलो छ भने, प्रार्थनाको निम्ति ससाना झुण्डहरु बनाउनोस् ।

☐ कति नयाँ विश्वासीहरु होलान् जसले प्रार्थना गर्न जान्दैनन, अथवा डराउँछन्, उनीहरुको निम्ति अगुवाहरुले शुरु गर्न अथवा अन्त्य गर्नलाई, व्यक्तिले जस्तो चाहन्छ त्यस्तै गरी, अलिअलि गरेर सिकाउनु पर्ने हुन्छ । (उदाहरणको निम्ति, “पिता, म तपाईंलाई धन्यवाद दिन्छु....” अथवा “पिता, म यो प्रार्थना गर्दछु....”)। अथवा कतिले चाहिँ आफ्ना प्रार्थनाहरु लेखेर ल्याउन सक्छन् अनि सभामा पढिदिन सक्छन् ।

प्रार्थना गर्नको निम्ति विभिन्न तरिकाहरुः

- चुपचाप प्रार्थना गर्ने ।

- बाइबलबाट प्रार्थनाहरु पढ्नोस् (भजन, प्रभुको प्रार्थना, अथवा चुनिएका खण्डहरु । सबै सदस्यहरुले एकैसाथ पढ्न सक्छन्, अथवा अगुवासित पालैपालो गरी पढ्न सक्छन्)।

- सोझै प्रभुलाई सम्बोधन गरिएका निवेदन अथवा प्रशंसाका गीतहरु गाउन सकिन्छ ।

- हात समातेर गोलो रुपमा भई प्रार्थना गर्न सकिन्छ ।

क्रमशः प्रार्थना गर्नको निम्ति नयाँ विषयहरु ल्याउनोस्

पवित्र आत्माले केही नयाँ कुरो ल्याऊन् । रुटीनमा सीमित रहेको प्रार्थनामा उत्साह हुँदैन अनि एकचित्त पनि हुन

सकिन्न । प्रार्थना गरेवापत पाइएका विशेष आशिषहरु पनि बाँड्नोस् ।

सधैं त्यही तरिकामा, विना विचार मसिन जस्तो तिनै वाक्यांशहरु दोहोऱ्याएर प्रार्थना गर्ने बानी छुटाउने प्रयास गर्नोस् ।

संसारको अरु क्षेत्रको निम्ति अन्तर्विन्तीको प्रार्थना गर्दा, संघर्ष, हिंसा, अन्याय, अथवा खीष्टरहित मानिसहरु भएको ठाउँ अथवा घट्ना बुझाउन मानचित्र अनि दैनिक खबरकागज प्रयोग गर्नोस् । (तपाईंले पाष्टरी तालीम पुस्तिका नम्बर २७ "हरेक राष्ट्रमा सुसमाचार पुऱ्याउनु" पनि प्रयोग गर्न सक्नुहुन्छ)। यस्ता स्थानहरुमा अथवा यस्ता स्थानहरुको निम्ति सेवा गर्नेहरुको लागि प्रार्थना गर्नोस् ।

आराधना, प्रशंसा अनि धन्यवादको वातावरण अनुसार सुहाउँदिलो संगीत पनि बजाउनु होस् ।

प्रार्थनाको निम्ति बाधाहरु

तपाईंका मानिसहरुको माझमा भएका समस्याहरु अनि हटाउनु पर्ने खाँचोहरु के के हुन् थाहा गर्नोस्:

- ☐ आलोचनाको आत्मा (उदाहरणको लागि, अरु मण्डलीहरुको विरुद्ध बोल्ने, अथवा कुन प्रकारले सेवा चलाइएको छ त्यसको विरुद्धमा टिप्पणीहरु गर्ने, इत्यादि),

- ☐ कुनै व्यक्तिलाई "घुमाएर" भन्ने प्रकारको प्रार्थना जो पर मेश्वरसँग पुकारा गरिएको होइन, तर अर्को व्यक्तिलाई ताकेर भनिएको हो । यो ता आराधनाको नाउँमा निन्दा मात्र हो,

- ☐ परमेश्वरसितको हाम्रो संगतिमा बाधाहरु (उदाहरणको लागि, कोही ढीलो आउँदा, अनि प्रार्थना गरिरहेको बेला प्रार्थना गर्दा, अथवा बस्ने ठाउँ खोज्दा बढी हल्ला गर्दा, इत्यादि),

☐ अति लामो साथै अल्छी लाग्दो बाइबल पठन अथवा प्रार्थनाहरु,

☐ गाउनुमा अथवा प्रार्थनाको विषयमा छलफल गर्दैमा धेरै लामो समय लिने,

☐ सेवा तन्किएर अति लामो हुनु । मानिसहरु थाक्नुभन्दा अघि नै सकिनु अति राम्रो हो ।

अगुवाको लागि सहयोग

प्रार्थनाको निम्ति एक बुद्धिमानी अगुवा:

- परमेश्वरको आत्माको अगुवामा सचेत बन्दछ,
- सेवाको लागि राम्ररी तयार बन्नुपर्दछ,
- केको निम्ति प्रार्थना गर्नु पर्ने हो त्यो स्पष्ट पार्दछ,

- अरुको समय नखोसीकन, सरल शब्दहरु प्रयोग गरेर, उसको आफ्नै प्रार्थनाद्वारा नमूना प्रस्तुत गर्दछ ।

प्रार्थनाका आशिषहरु

जब हामी प्रार्थना गर्दछौं, हामी परमेश्वरको राज्य विस्तारमा अनि यस पृथ्वीमा उहाँको इच्छा पूरा गर्नमा संलग्न भएका हुन्छौं । मानिसहरुले विश्वास अनि पश्चाताप गर्दछन्, विर ामीहरु निको हुन्छन् । हाम्रा जीवनहरु झन झन खीष्टको स्वरुपमा परिवर्तन हुँदै जानेछन् । शैतान र त्यसका सेनाहरु पराजित हुनेछन् । अनि परमेश्वरले हाम्रा प्रभु येशू खीष्टबाट महिमा पाउनु हुनेछ । (मत्ती ६:९-१५)

अभ्यासको काम

- ईमान्दार अनि निरन्तर प्रार्थनाको एक नमूना प्रस्तुत गर्नोस् ।

- तपाईंका मानिसहरु मिलेर अनि आ-आफू पनि लगातार अनि विश्वासयोग्यसाथ प्रार्थना गर्नको निम्ति प्रभुले तपाईंका मानिसहरुलाई सहयोग गरुन् भनी निवेदन चढाउनोस् ।

- तपाईंको मण्डलीलाई प्रार्थनाको महत्त्वबारे सिकाउनोस् ।

- तपाईंको स्थितिमा काममा लाउन मिल्ने सल्लाहहरु यस अध्ययनमा ल्याउनु होस् ।

- मण्डलीका सदस्यहरुलाई एकाअर्काको निम्ति विश्वासयोग्यतासाथ प्रार्थना गर्नको निम्ति प्रोत्साहित गर्नोस् ।

टिप्पणीहरु

टिप्पणीहरु

कपीराइट र जानकारी:
© 2001 Project WorldReach © 2001 SEAN
सर्वाधिकार सुरक्षित

Train & Multiply®

Project WorldReach (टि एम सेवकाइ संचालन)

Dr. George Patterson (मौलिक लेखक)
SEAN International

सम्पर्क ठेगाना: **Project WorldReach PWR®**

474 - 800 - 15355 - 24th Ave
Surrey BC, Canada
V4A 2H9

इमेल: pwr@trainandmultiply.com

वेबसाइट: http://www.trainandmultiply.com

047NP01A-01